जापानको सार्वजनिक स्वास्थ्य बीमा नभएका विदेशी बिरामीहरूका लागि:

**ल्याउनुपर्ने सामानहरू** अस्पतालको कार्ड (पहिले यस अस्पतालमा उपचार गराउनुभएकाहरूका लागि मात्र), सिफारिस पत्र (चिकित्सा सूचना पत्र), रिपोर्ट वा इमेज डाटा (भएकाहरूका लागि मात्र) र औषधि डायरी (*Okusuri Techo*) बाहेक, कृपया निम्न सामानहरू ल्याउनुहोस्।

१. पासपोर्ट र रेसिडेन्स कार्ड (*Zairyu Card*)

२. ट्राभल इन्स्योरेन्स वा मेडिकल इन्स्योरेन्स (बीमा नम्बर देखिने कागजात)

३. तपाईंले प्रयोग गर्नुहुने क्रेडिट कार्ड

साथै, पहिचान पुष्टि गर्ने आदि उद्देश्यका लागि अस्पताल आउँदा तपाईंको पासपोर्ट, रेसिडेन्स कार्ड र ट्राभल इन्स्योरेन्स आदिको प्रतिलिपि (कपी) लिइनेछ। यसमा यहाँहरूको बुझाइ र सहयोगको अपेक्षा गर्दछौं।

**उपचार खर्चको बारेमा** जापानी नागरिकता नभएका र जापान भित्र मान्य हुने सार्वजनिक स्वास्थ्य बीमा प्रणालीमा आवद्ध नभएका बिरामीहरूको उपचार शुल्कको गणना १ मेडिकल पोइन्ट बराबर ३० येनका दरले गरिनेछ (खानाको लागि प्रति छाक २,१९० येन लाग्नेछ)।